annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २३, अंक १२४ पृष्ठ ८ | काठमाडौं, आइतबार १६ भदौ २०८१ | भाद्र कृष्णपक्ष चतुर्दशी नेपाल संवत् ११४४ | SUNDAY, SEPTEMBER 1, 2024 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

कभर स्टोरी

## ‘विगतको जस्तो हिंसा कहिल्यै हुँदैन, हुन दिइँदैन’

प्रधानमन्त्री केपी शर्मा ओलीले १७ हजार व्यक्तिको ज्यान गएको सशस्त्र युद्धको कडा आलोचना गरेका छन् । त्यसलाई उनले हिंसा भन्दै आइन्दा त्यस्तो हिंसा नहुने र हुन पनि नदिने प्रतिबद्धता जनाए । युद्धकालमा हेलिकप्टरमार्फत उद्धार गर्दा देखेका भोगेका अनुभूति समेटेर क्याप्टेन रामेश्वर थापाले लेखेको पुस्तक ‘इन्टु द फायर’ विमोचन गर्दै उनले माओवादीको कडा आलोचना गरेका हुन् । त्यस क्रममा प्रधानमन्त्री ओली र पूर्वप्रधानमन्त्री तथा कांग्रेस सभापति शेरबहादुर देउवाले क्याप्टेन थापाको बहादुरी र राजनीतिक सद्भाव दूतका रूपमा रहेको अमूल्य भूमिकाको खुलेर प्रशंसासमेत गरे ।

**गोपीकृष्ण ढुंगाना/ राजकरण महतो** | *काठमाडौं*

– को रिपोर्ट

समाचार पृष्ठ २




अन्नपूर्ण मिडिया नेटवर्कका अध्यक्ष क्याप्टेन रामेश्वर थापाद्वारा लिखित पुस्तक ‘इन्टु द फायर’ को शनिबार राजधानीमा लोकार्पण गर्दै प्रधानमन्त्री केपी ओली, पूर्वप्रधानमन्त्री कांग्रेस सभापति शेरबहादुर देउवा र बालगुरु आदित्य । ● सुनिता डंगोल

## केन्द्रका मन्त्रीलाई रारामा प्रतिबन्ध लगाउनुपर्ने हो कि



**विष्णुकुमार भाम**

इजलास

कर्णाली प्रदेशको प्रमुख पर्यटकीय गन्तव्य रारातालमुलुककै सबैभन्दा ठूलो र प्रसिद्ध ताल हो। यो ताल समुद्र सतहदेखि २ हजार ९ सय ७२ मिटर उचाइमा छ। रारा राष्ट्रिय निकुञ्जभित्र पर्ने यस तालको लम्बाइ ५ किलोमिटर र चौडाइ करिब ३ किलोमिटर र गहिराइ १ सय ६७ मिटर छ। प्रकृतिको उपहारको रूपमा सिर्जित रारातालला‌ई रारा राष्ट्रिय निकुञ्जको मनोरम हरियाली यसमा पाइने कस्तुरी, रतुवा जस्ता जन्तुहरूका साथै नेपालको राष्ट्रिय चरा डाँफे र अन्य चरा चुरुंगीले समेत थप शोभा दिएका छन् ।

रारातालमा सिस्ने हिमाल र कान्जिरोबा हिमालको मनोरम दृश्य देखिन्छन। साथै अन्यत्र कहीँ नपाइने ‘असला’ जातको माछा पाइन्छ। संसारमा नीलो पानी रारातालमा छ। भनिन्छ, यहाँ पुगेपछि ढुंगाकै मन भए पनि पग्लिन्छ रे ! रारामा २ सय ३६ प्रजातिका चरा पाइन्छन् । जेठदेखि असोजसम्म विभिन्न फूलहरू पहिरिएर स्वर्गकी अप्सरा झैं देखिने रारातालको शोभा रारा निकुन्जमा पाइने कस्तुरी, रतुवा, डाँफेले बढाइ दिएका हुन्छन् ।

यो ताल मुगुको मात्र नभई समग्र देशको गौरव बोकेको पर्यटकीय स्थल हो। यसको संरक्षण तथा प्रचार गरी अन्तर्राष्ट्रिय तहमा प्रचार गर्न सकिए प्रशस्त पर्यटक भित्रिने र यस क्षेत्रमा आर्थिक गतिविधि बढाउने निश्चित छ। तर, संघीय सरकारले राराको प्रबर्द्धनका लागि बजेट, नीति तथा कार्यक्रममा उपेक्षा गर्दै आएको छ। संघीय सरकारका मन्त्रीहरूलाई रारा घुम्न आउँदा नगरपालिकाले स्वागत गर्नुपर्ने, खाने बस्ने व्यवस्था मिलाउनुपर्ने, गाडीमा तेल हालिदिनुपर्छ। तर, रारा प्रबर्द्धन तथा यहाँको पूर्वाधार विकासका लागि हरेक वर्षको बजेटमा नसमेटिनुले निकै दुखित छौं। त्यसैकारण संघीय सरकारका मन्त्रीहरूलाई रारामा प्रतिबन्ध लगाउनुपर्ने अवस्था आएको छ।

*(भाम, छायानाथ रारा नगरपालिका मुगुका मेयर हुन्।)*

## १ हजार भत्ता लिन २ हजार खर्च

**क्रान्ति शाह** | *वीरगन्ज*

पर्सागढी- ७ फुलकवलका महेश पासवानले २ सय रुपैयाँ अटोको भाडा तिरे। खाजा खानामा झन्डै साढे दुई सय खर्च गरे। अनि, आइपुगे, नारायणी अस्पताल। १ हजार भत्ता बुझ्न उनी बुधबार अस्पताल पुगेका थिए। तर, अस्पतालले असोजमा मात्रै भत्ता दिने अडान लिएपछि उनी रित्तो हात घर फर्के।

घरबाट अस्पताल र अस्पताल बाट घर फर्किन उनको झन्डै १ हजार रुपैयाँ खर्च भयो। फेरि असोजमा यसैगरी घरबाट अस्पताल र अस्पतालबाट घर फर्किंदा अर्को १ हजार जति खर्च हुन्छ। १ हजार भत्ताका लागि उनले २ हजार खर्चिनुपर्ने अवस्था देखा पर्दै छ। त्यसैकारण, नारायणी अस्पताल परिसरमा उनी आक्रोश पोख्दै थिए ,‘१ हजार भत्ता लिन २ हजार खर्च कसले गर्छ ? उही बेला नै पाइँदैन भन्दिएको भए अहिले किन अस्पताल आउँथे र ?’

उनको कथा यस्तो छ- १५ दिनअघि नारायणी अस्पतालमा उनकी छोरीको जन्म भयो। अस्पतालले आमा सुरक्षा कार्यक्रमअन्तर्गत यातायात खर्चबापत १ हजार रुपैयाँ भत्ता दिने



भनेको थियो। तर, त्यस बेला भत्ता दिएन। बुधबार भने भत्ता पाउने आशामा अस्पताल पुगेका थिए। तर, अस्पतालका कर्मचारीले दिएनन्। बरु, असोजमा आउनु भने। ‘आज गाडीभाडामा मात्रै ५ सय खर्च भई सक्यो,’ उनको आक्रोश थियो, ‘अब फेरि असोजमा आउनु भनेका छन्। फेरि ५ सय खर्च हुन्छ। दुई दिन मजदुरी गरे १ हजार कमाई हुन्छ। अनि १ हजार भत्ता लिन २ हजार खर्च कसले गर्छ र ?’

आमा सुरक्षा कार्यक्रमअन्तर्गत यातायात खर्चबापत सुत्केरी महिलाले पाउने भत्ता रकम वितरण कार्य वीरगन्जको नारायणी अस्पतालमा साउन १ गतेदेखि रोकिएको छ। त्यसैकारण पासवानजस्तै १ हजार बढी सेवाग्राही मर्कामा परेका छन् । अस्पतालमा जन्मिएका नवजात शिशु र सुत्केरी महिलालाई अस्पतालबाट डिस्चार्ज गर्ने बेलामै अस्पतालले उपलब्ध गराउनुपर्ने उक्त भत्ता रकम नारायणी अस्पतालले साउन १ गतेदेखि वितरण गरेको छैन। जसका कारण भदौ ११ गतेसम्म उक्त सुविधाबाट १ हजार ४८ सुत्केरी बञ्चित छन् ।

साउन २७ गते पासवानकी शिशु र पत्नीलाई डिस्चार्ज गर्ने बेला अस्पतालका कर्मचारीले चालू आर्थिक वर्षका लागि अस्पतालको खाता नखुलेकाले भदौ १० गते यातायात खर्च बापतको भत्ता रकम लिन आउनु भनेर पठाएका थिए। त्यहीअनुसार उनी बुधबार अस्पतालमा आउँदा फेरि कर्मचारीले त्यही जवाफ फर्काएर अब असोजमा आउन भने। त्यसपछि उक्त रकमका लागि अब फेरि अस्पताल नआउने बरु भत्ता नै नचाहिने भन्दै आक्रोश पोख्दै पासवान घर फर्किए। उनले भने, ‘यसरी बारम्बार झुलाउने नै भए सरकारले दिने नियम नै नबनाएको भए हुन्थ्यो। जेतनाके मुर्गी ना ओतनाके मसाला (जति मूल्यको कुखुरा छैन त्योभन्दा बढी त मरमसलामै लाग्ने) भयो।

» बाँकी पृष्ठ ६

## मरेका माछा हटाउन १ महिना संकटकाल

**एथेन्स** (एएफपी) : मध्य ग्रीसको बन्दरगाह सहर भोलोसमा मरेका माछाहरू डुबानमा फसेपछि स्थानीय बासिन्दाहरूको सामान्य जनजीवनमा खतरा उत्पन्न हुनसक्ने भन्दै सरकारले सफाइका लागि एक महिना संकटकालको घोषणा गरेको छ।

एथेन्स समाचार एजेन्सीका अनुसार जलवायु मन्त्रालयका नागरिक सुरक्षामामिलामन्त्री भासिलिस पापाजर्जिउले जारी गरेको एक महिना लामो संकटकालको घोषणाले पागासेटिक गल्फ पोर्ट (बन्दरगाह)को सफाइलाई गति दिन कोष र स्रोत जुटाउने र प्रयोग गर्ने छ। भोलोसको समुद्री किनार र नदीहरूमा कैयौं टन मरेका माछाहरू थुप्रिएका छन् ।

भोलोस बन्दरगाहमा गत वर्ष आएको विनाशकारी बाढीपछि आएको यो दोस्रो वातावरणीय विपत्ति हो। बाढीले सन् १९६२ मा औलोविरुद्ध लड्नका लागि निकालिएको नजिकैको तालमा सामान्य अवस्थामा भन्दा तीन गुणा पानी जम्मा भएको थियो। ‘थेसली विश्वविद्यालयका प्राध्यापक दिमित्रिस क्लाउडाटोसले भने, ‘गत शरद ऋतुमा ड्यानियल र एलियासको आँधीबेहरीपछि थेस्सालीको लगभग २० हजार हेक्टर समथर भूमिमा बाढी पसी व्यवसायिकरूपमा पालेका स्वच्छ पानीका माछालाई नदीहरूले समुद्रमा लगेका थिए।’

» बाँकी पृष्ठ ६

## सिटामोल पनि छैन, बाजुरा अस्पतालमा

**पदमबहादुर सिंह** | *बाजुरा*

सिटामोल, सबैभन्दा सर्वसुलभ, सस्तो र अपरिहार्य औषधिमा पर्छ। सामान्य ज्वरो आउँदा आवश्यक पर्ने सिटामोललाई सरकारी अस्पतालले नि:शुल्क उपलब्ध गराउँछन। तर, जिल्ला अस्पताल बाजुरामा यसकै अभाव छ। यसैकारण यहाँका सर्वसाधारण महँगो मूल्यमा बजारबाट सिटामोल किनेर खान बाध्य छन्। सरकारले नि:शुल्क उपलब्ध गराउँदै आएको सिटामोलसहित अन्य धेरै औषधिको अभाव भएपछि बाजुराका सर्वसाधारण मर्कामा परेको जिल्ला अस्पताल बाजुराका सूचना अधिकारी नृप गिरी बताउँछन् ।

जिल्ला अस्पतालबाट नि:शुल्क पाइने औषधिमध्ये सिटामोल, एसिलक सिडिजेट, ट्याप्लेट मेट्रोनलगायत २९ बढी प्रकारका औषधि अभाव भएको जिल्ला अस्पताल बाजुराका सूचना अधिकारी गिरीले बताए। सरकारले जिल्ला अस्पतालबाट ९८ प्रकारका औषधि नि:शुल्क दिँदै आएको भए पनि बाजुरा जिल्लामा भने नि:शुल्क तोकिएका अधिकांश औषधि उपलब्ध नभएको बडिमालिका-७ का स्थानीय लक्ष्मीराज पाध्यायले बताए। ‘बच्चा बिरामी भएपछि जिल्ला अस्पतालमा उपचार गर्न गएको थिएँ। स्वास्थ्यकर्मीले औषधि लेखेर नि:शुल्क औषधि पाउने ठाउँमा पठाए,’ पाध्यायले भने, ‘तर स्वास्थ्यकर्मीले औषधि




सकिएको भने। अनि, निजी मेडिकलबाट किन्न बाध्य भएँ।’ नि:शुल्क पाइने औषधि सरकारी फार्मेसीले बिक्री गर्न नमिल्ने भन्दै जवाफ दिएपछि आफूले निजी मेडिकलबाट औषधि किनेर ल्याएको उनले बताए।

जिल्ला अस्पतालमा हाल मौसमी ज्वरो, रुघाखोकी, पखाला, भाइरल ज्वरो, दम, प्रेसरलागतका बिरामी बढी आउने गरेको सूचना अधिकारी गिरीले बताए। जिल्ला अस्पतालमा नयाँ भवन बनेपछि हाडजोर्नी, डेन्टल, जनरल सर्जरीलगायतका सेवाहरू सञ्चालन भएपछि बिरामीको चाप पनि बढ्दै गएको छ। जिल्लाका ९ वटै स्थानीय तहका साथै कर्णालीका हुम्ला, मुगु र कालीकोटका बासिन्दा पनि उपचारका लागि बाजुरा आउने गरेका छन् ।

सुदूरपश्चिम प्रदेश सरकारले गत वर्ष औषधि खरिदका लागि १० लाख रुपैयाँ दिएको थियो। तर, उक्त बजेट अघिल्लो आर्थिक वर्षमै अपुग भएको अस्पताल प्रशासनको भनाइ छ। उक्त रकमबाट औषधि खरिद सँगै अस्पतालमा दैनिक प्रयोग गरिने एन्टी सेप्टी, बेटाडीनलगायतका औषधि खरिद गर्दा झनै अपुग भएको प्रशासनको भनाइ छ। यस वर्ष भने प्रदेश सरकारले औषधि खरिदका लागि एक थोपा बजेट दिएको छैन। ‘पुरानो औषधि सबै सकियो,’ गिरिले भने, ‘नयाँ किन्ने बजेट छैन। त्यसैकारण औषधिको चरम अभाव भयो।’ जिल्ला अस्पतालसँग सिटामोल किन्ने बजेट नहुँदा स्थानीय सरकारले कुनै पनि सहयोग नगरेको अस्पताल प्रशासनको गुनासो छ।

प्रशासनले बिरामी भर्ना पुर्जा, रगत परीक्षण, एक्सरे, भिडियो एक्सरे, ल्याब सेवाबाट लिएको शुल्कले केही कर्मचारीको व्यवस्थापन गरिरहेको छ। त्यसरी गर्दा पनि जनशक्तिको अभाव छ। अस्पतालमा १८ जना कर्मचारीको दरबन्दी भए पनि अहिले मेडिकल अधिकृत, हाडजोर्नी तथा नशा रोग विशेषज्ञसहित १० जनाले मात्रैसेवा दिइरहेका छन् ।

सदरमुकाम मार्तडीमै रहेको जिल्ला अस्पतालमा अधिकांश औषधि अभाव भएपछि निजी स्वास्थ्य संस्थाबाट औषधि किन्नुपर्ने बाध्यता रहेको सेवाग्राहीको गुनासो छ। अस्पतालमा ठूलो भवन बने पनि सेवा सुविधा भने राम्रो नभएको र एक्सरे, भिडियो एक्सरे, रगत परीक्षण ल्याब जस्ता सेवामा चर्को शुल्क लिने गरेको सर्वसाधारणको दु:खेसो छ।

हरेक वर्ष सरकारले न्यून बजेट दिने र यस वर्ष त बजेट नै विनियोजन नहुँदा जिल्ला अस्पतालबाट नि:शुल्क पाइने ९८ प्रकारका औषधिमध्ये २९ बढी प्रकारका औषधि अभाव रहेको अस्पतालका सूचना अधिकारी गिरीले बताए। औषधि खरिदका लागि सरकारले पर्याप्त बजेट व्यवस्थापन गर्न नसक्दा अस्पतालले सधैं औषधि अभाव झेल्दै आएको उनले बताए। जिल्ला अस्पताल बाजुरामा हाल १ सय ५० देखि २ सय बढी बिरामी दैनिक आउने गरेका छन् ।